सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

स्वत -प्रकाशन (Pro-active Disclosure)

२०८३ साल साउन महिना देखि असोज मसान्तसम्म

बागमती प्रदेश सरकार

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

कृषि तथा पशुपन्छी विकास कार्यालय

चरिकोट, दोलखा

फोन नं.: ०४९-४२१११५

ईमेलः dlsodolakha@gmail.com

वेबसाइटः www.vetdolakha.gov.np

१. परिचय तथा पृष्ठभूमि

पशु सेवा कार्यालय बि.सं. २०२७ सालमा पशु चिकित्सालय जिरी, दोलखाको नामबाट स्थापना भई प्रारम्भमा जिरी कृषि केन्द्र सँग सयुंक्त रुपमा रहि दोलखा जिल्ला र रामेछाप जिल्लामा सेवा पुराउदै आइरेहेकोमा बि.सं. २०३६ साल देखि पशु विकास तथा पशु स्वास्थ्य विभाग अन्तर्गत रही समन्यात्मक पशु विकास कार्यक्रम र पशु चिकित्सालयको नामबाट यस जिल्लामा पशुपन्छीको उपचार तथा विकास सम्बन्धी कार्यक्रम संचालन गर्दै आइरहेकोमा बि.सं. २०३९ साल देखि जिरी कृषि केन्द्रबाट अलग भई बि.सं. २०४२-२०४३ साल देखि समन्यात्मक पशु विकास कार्यक्रम र पशु चिकित्सालय दुईवटै कार्यक्रम एकै साथ संचालन हुने गरि जिल्ला पशु सेवा शाखामा समाबेश भयो। पशु सेवा कार्यक्रम लाई समय सापेक्ष भरपर्दो बनाउन तत्कालिन श्री ५ को सरकारको निर्णय अनुसार यस कार्यालय लाई बि.सं. २०४४ श्रावण ८ गते जिरीबाट सारेर यस जिल्ला को सदरमुकाम चरिकोटमा स्थापना गरियो। तत्तपश्चात आ.व. २०४९ देखि २०५० सम्म उक्त पशु सेवा साखा लगायत कृषि विकास शाखालाई एउटैमा गाभि जिल्ला कृषि विकास कार्यालय अन्तर्गत पशु सेवा शाखाको संरचनामा परिणत भयो। करिब ३ वर्ष पश्चात कार्यालय आ.व. २०५२/०५३ मा छुट्टिई फेरी जिल्ला पशु सेवा कार्यालय को नाममा खडा भयो र पशु स्वास्थ्य तथा पशु विकास कार्यक्रमहरु, पशु सेवा प्रसार, कबुलियती वन बृहतर चौंरी विकास, सहकारी खेति, अति बिपन्न हिमाली आयोजना आदि कार्यक्रमहरु लिएर अगाडी बढेको थियो ।

हालको स्थिति

नेपालको संविधान २०७२ ले मुलुकभर ३ तहको सरकार, संघिय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारलाई स्थापित गरे संगै बि.स. २०७५ साल कार्तिक १४ गते बाट साबिकको जिल्ला पशु सेवा कार्यालयको नाम परिवर्तन भई भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चरिकोट, दोलखा कायम भएको हो। बागमती प्रदेश सरकार अन्तर्गतको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मातहतमा रहने यस विज्ञ केन्द्रको कार्य क्षेत्र अन्तर्गत दोलखा र सिन्धुपाल्चोक जिल्ला रहेका थियो। मिति २०८० साल कार्तिक १२ गतेको बागमती प्रदेश सरकारको निर्णयअनुसार यस कार्यालयको नाम पशु सेवा कार्यालय र मिति २०८३ श्रावण १ गते देखि कृषि तथा पशुपन्छी विकास कार्यालय दोलखा कार्यक्षेत्र दोलखा जिल्ला रहेको छ। नयाँ संरचना र नयाँ जनशक्ति उपलब्धता भएपनि बिगतका आर्थिक वर्षहरुमा झै पशु विकास तथा पशु स्वास्थ्य कार्यक्रमहरु संचालन भैरहेको र अझ यसलाई बिभिन्न क्षेत्रमा विस्तार

गरिदै लागिएको छ। कृषि र पशुपालन व्यवसायलाई थप व्यावसायिकीकरण र उत्पादनमुलक बनाउन विभिन्न प्रादेशिक अनुदान तथा प्रोत्साहनका कार्यक्रमहरु पनि संचालन भएका छन्। पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि पशुपन्छी गोठ खोर व्यवस्थापन तथा पशु आहारा व्यवस्थापनको महत्व दृष्टिगत गरि सोहि अनुरुपका विभिन्न अनुदान तथा प्रोत्साहनका कार्यक्रमहरु कार्यान्वयन गरिएका छन् ।

उद्देश्य

पशुपन्छी तथा मत्स्यपालन व्यावसायलाई व्यवसायिकरण गर्दै आय-आर्जनको भरपर्दो स्रोतको रुपमा विकसित गरी गरिबी न्यूनिकरण तथा खाद्य पोषण सुरक्षामा प्रत्यक्ष योगदान पुर्याउनु यस कार्यालयको प्रमुख उद्धेश्य हो ।

अन्य उद्धेश्यहरु यस प्रकार रहेका छन्,

- ✓ जिल्लालाई दूध, फुल, मासु र माछामा आत्मानिर्भर बनाउदै पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई निकासी योग्य व्यवसायको रुपमा बिकसित गर्ने ।
- ✓ पशुपन्छी तथा मत्स्यपालन व्यावसायलाई व्यावसायिकरण गरी खाद्य तथा पोषण सुरक्षा, रोजगारी सृजना र गरिवी न्यूनिकरण गर्ने ।
- ✓ कृषकको आवश्यकता अनुसार स्वच्छ, स्वस्थ्य पशुपन्छी तथा मत्स्य जन्य बस्तुहरुको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी ग्रामिण जनताको आर्थिक स्तरमा सुधार ल्याउने ।

२. कार्यालय र अन्तर्गतका शाखाको कार्य विवरण

- पशुपन्छी तथा मत्स्यका लागि विशिष्टीकृत चिकित्सा सेवा प्रदान गर्ने,
- पशुपन्छी तथा मत्स्य स्वास्थ्य परिक्षण तथा रोग निदानको लागि आधुनिक प्रविधिको सेवा उपलब्ध गराउने,
- पशुपन्छी रोग निदानका लागि प्रयोगशाला (प्याथोलोजिकल, पारासाइटोलोजिकल, माइक्रोबायोलोजिकल, वेशिक भाइरोलोजिकल, बायोकेमेष्ट्रि तथा बायोटेक्ननोलोजि) सेवा प्रदान गर्ने,
- राष्ट्रिय, प्रदेश तथा स्थानिय स्तरका प्रथामिकता प्राप्त पशुपन्छी तथा मत्स्य रोग सर्भिलेन्स गर्ने
- नियमन सेवा सञ्चालनमा सहजिकरण गर्ने,

- पशुपन्छी तथा मत्स्यजन्य महामारी, विपद् व्यवस्थापन र रोग नियन्त्रणका लागि आवश्यक औषधी, खोप तथा नियन्त्रण उपकरण/सामाग्रीको बफर स्टक व्यवस्थापन गर्ने,
- कृतिम गर्भाधान सेवा सञ्चालनका लागि तरल नाइट्रोजन तथा सिमेनको व्यवस्थापन गर्ने,
- नयाँ पशु नश्ल वा प्रजाति प्रदेशमा भित्र्याउने वा विस्तार सम्बन्धी कार्य गर्दा प्रादेशिक तालुक निकाय र संघीय निकायसँगको समन्वय गर्ने,
- पशु सेवा सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालन गर्ने,
- दुध,फुल,माछा, मासुको उत्पादन तथा उत्पादकत्व बढाउन कार्ययोजना तयार गरी समन्वयमा कार्यान्वयन गर्ने,
- पशुपन्छी तथा मत्स्यपालन गर्ने कृषक, व्यवसायी तथा उद्यमीहरुकले माग गरेको अवस्थामा विशिष्ट्रिकरण प्राविधिक सेवा उपलब्ध बनाउने,
- पशु कल्याण सम्बन्धी आवश्यक कार्य गर्ने,
- पशुपन्छी तथा मत्स्य सम्बन्धी कार्यक्षेत्रका स्थानिय तहको पशुजन्य उत्पादन तथा पशुपन्छी तथ्याङ्क अद्यावधिक गर्ने,
- प्रदेश निर्देशनालयबाट प्रत्यायोजित कार्यहरु गर्ने,
- कार्यालयको योजना तर्जुमा र कार्यान्वयन प्रगति प्रतिवेदन निर्देशनालयमा पठाउने,
- आफ्नो कार्यक्षेत्र भित्र पशुपन्छी उत्पादन सामाग्रीहरु तथा पशुपन्छी जन्य उत्पादनहरुको गुणस्तर कायम गर्न आवश्यक कार्य गर्ने,

<u>पशु चिकित्सा तथा प्रयोगशाला शाखा</u>

- पशुपन्छी तथा मत्स्यका लागि विशिष्टिकरण पशु चिकित्सा (मेडिकल, सर्जिकल, गाइनोकोजिकल, रेडियोलोजिकल)सेवा उपलब्ध बनाउने,
- पशुपन्छी तथा मत्स्य स्वास्थ्य परिक्षण तथा रोग निदानका लागि आधुनिक प्रविधि उपकरणको प्रयोग गरी सेवा उपलब्ध गराउने,
- पशुपन्छी रोग निदानका लागि प्रयोगशाला (प्याथोलोजिकल, वायोटेक्निकल, पारासाइटोलोजिकल, माइक्रोबायोलोजिकल, वेशिक भाइरोलोजिकल तथा बायोकेमेष्ट्रि) सेवा प्रदान गर्ने,
- पशुपन्छी तथा मत्स्य रोगहरुमा आवश्यकता अनुसार औषधोपचार सेवा सञ्चालन गर्ने,
- पशुपन्छी तथा मत्स्य रोगको सर्भिलेन्स, तथ्याङ्क संकलन, व्यवस्थापन तथा सम्प्रेषण गर्ने,
- अल्ट्रासाउण्ड, एक्स रे लगायतका आधुनिक प्रविधियुक्त सेवा उपलब्ध गर्ने,

- विशेषज्ञबाट घुम्ती स्वास्थ्य शिविर लगायतका सेवा उपलब्ध गराउने,
- पशुपन्छीको शव परिक्षण गर्ने,
- नेपाल पक्षराष्ट्र रहेको विश्व पशुस्वास्थ्य संगठन लगायतका अन्तराष्ट्रिय तथा क्षेत्रिय संगठनमा पशुपन्छी तथा माछा मौरी रोग तथा अवस्थाको सम्बन्धमा निर्दिष्ट ढाँचामा रिपोर्टिङ गर्ने,
- पशु रोगको जोखिम विश्लेषण गर्ने,
- पशुपन्छीमा रेविज रोग लगायतका अन्य जुनोटिक रोग नियन्त्रणका लागि आवश्यक सेवा प्रदान गर्ने,साथै रेविज नियन्त्रणको लागि घर पालुवा तथा सामुदायिक कुकुर बिरालोमा खोप तथा बन्धाकरण सेवा सञ्चालन गर्ने,
- पशुपन्छी तथा माछामा खोपको माग तथा आपुर्ती व्यवस्थापन गर्ने,
- पशुस्वास्थ्य नियमन सेवा सञ्चालनमा एवं समन्वय गर्ने,
- पशुपन्छी तथा मत्स्यजन्य महामारी एबम् प्रकोप व्यवस्थापन गर्ने,
- आधुनिक पशु उपचार सम्बन्धी प्रविधि हस्तातरण तथा विस्तार गर्ने,
- पशु स्वास्थ्य सम्बन्धी जनचेतनामुलक कार्य सञ्चालन गर्ने,
- एक स्वास्थ्य अवधारणा कार्यान्वयन गर्न कार्यक्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुसँग समन्वय गर्ने,
- डेरी पसल ,माछा/मासु पसल,बधस्थल,बधशाला,भेटेरीनरी औषधि पसल पेट शप केनल क्लव,एक्वेरियम,पशु हाटबजार लगायतका अन्य पशु सेवा प्रदायकको अनुगमन तथा नियमन गर्ने,
- पशु कल्याण सम्बन्धी आवश्यक कार्य गर्ने,

पशु विकास तथा प्रविधि प्रसार शाखा

- कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि तरल नाइट्रोजन तथा सिमेनको व्यवस्थापन गर्न।
- पशु प्रजननसँग सम्बन्धित समस्याहरुको निराकरण गर्न तहहरुसंगको समन्वयमा विशेष कार्यक्रमहरु सञ्चालन गर्ने।
- स्थानिय तहको आवश्यकता अनुसार प्राविधिक पृष्ठपोषण गर्ने,
- पशुपालनमा देखा परेका चुनौतिलाइ सम्बोधन गर्न अध्ययन,परिक्षण अनुसन्धान सेवा प्रवाह गर्ने,
- स्थानिय तहबाट माग भयको अवस्थामा गुणस्तरिय घाँसको विउँ,डाले घासको बेर्ना,सेट्स लगायत उत्पादन सामाग्री आपुर्ती व्यवस्थापन सहरीजकरण गर्ने।सो कार्यका लागी घाँस तथा डाँले घाँसको गुणस्तरिय विज वृद्धि तथा नर्सरी व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु समेत सञ्चालन गर्ने।

- पशुपन्छी तथा माछाको श्रोत केन्द्र विकास गर्न आवश्यक सहजिकरण तथा प्राविधिक सेवा प्रदान गर्ने।सो को लागि आवश्यक गुणस्तरीय पशुपन्छीको उत्पादन तथा विस्तार गर्न न्युक्लियस हर्ड/फ्लक सञ्चालन गर्ने,
- पशुपन्छी तथा पशुपन्छी जन्य पदार्थ र पशु उत्पादन सामाग्री सम्बन्धी तथ्याङ्क व्यवस्थापन तथा अद्यावधिक गर्ने।
- पशुपन्छी प्रसारको योजना तर्जुमा,व्यवसायिक योजना निर्माणमा आवश्यकता अनुसार स्थानिय तहलाई सहजिकरण गर्ने,
- पशुपन्छी तथा मत्स्य कर्जा र विमा प्रवर्धनमा सहजिकरण गर्ने,
- पशुपन्छी श्रोत केन्द्र व्यवस्थापनमा सहजिकरण गर्ने,
- असल पशुपालनमा अभ्यास प्रवर्धन तथा विस्तार गर्ने,
- स्थानिय तहमा कार्यरत प्राविधिक तथा अगुवा कृषक/व्यवसायीको कार्यक्षमता अभिवृद्धी गर्न प्रशिक्षण/प्रदर्शनहरु सञ्चालन गर्ने,
- प्रविधि/नतिजा, प्रदर्शनको लागि सुचना केन्द्र सञ्चालन गर्ने,
- व्यवसायिक पशुपन्छी फार्म, ह्याचरी, दुग्ध प्रशोधन उद्योग र दाना उद्योगको अद्यावधिक गर्ने र प्रदेश निर्देशनालयमा रिपोटिङ्ग गर्ने,
- आफ्नो कार्यक्षेत्र भित्र पशुपन्छी उत्पादन सामाग्रीहरु तथा पशुपन्छीजन्य उत्पादनहरुको गुणस्तर कायम गर्न आवश्यक कार्य गर्ने,

<u>प्रशासन शाखा</u>

- कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने।
- कार्यालयको लेखा तथा श्रेस्ता व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- जिन्सी तथा स्टोर व्यवस्थापन गर्ने।
- जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- तालुक निकायहरूबाट प्राप्त निर्देशन परिपत्र एवं राय सुझाव कार्यान्वयन गर्ने/गर्न सहयोग गर्ने।

३. कार्यालयको संगठन संरचना र जनशक्ती विवरण

संगठन संरचना



जनशक्ती विवरण

क्र.स.	पद	समूह	तह	पद संख्या	पदपूर्ति	रिक्त	कैफियत
१	प्रमुख	ला.पो.डे.डे./भेटेरिनरी/मत्स्य	९/१०	१	१	०	
२	पशु विकास अधिकृत	ला.पो.डे.डे.	७/८	१	१	०	
३	पशु चिकित्सक	भेटेरिनरी	८	१	०	१	
४	पशु सेवा प्राविधिक	ला.पो.डे.डे.	५/६	१	१	०	

५	पशु स्वास्थ्य प्राविधिक	भेटेरिनरी	५/६	१	१	०	
६	नायव पशु सेवा प्राविधिक	ला.पो.डे.डे.	४/५	१	१	०	
७	नायव पशु स्वास्थ्य प्राविधिक	भेटेरिनरी	४/५	१	१	०	
८	सहायक/अधिकृत	सा. प्रशासन	५/६	१	०	१	
९	सहायक/अधिकृत	लेखा	५/६	१	०	१	
१०	हलुका सवारी चालक	मेकानिकल	तह विहिन	१	१	०	
११	कार्यालय सहयोगी	सा. प्रशासन	तह विहिन	२	१	१	१ जना करार
	जम्मा			१२	८	४	

४. प्रदान गर्ने सेवा र सेवा प्रदान गर्दा लाग्ने दस्तुर

नागरिक वडापत्र

क.स.	सेवाको प्रकृति	सेवाग्राहीले पुर्याउनु पर्ने प्रक्रिया र पेश गर्नुपर्ने कागजातहरु	लाग्ने दस्तुर	लाग्ने समयावधि	सेवा प्रदान गर्ने जिम्मेवार शाखा
१	पशु स्वास्थ्य परिक्षण सेवा शुल्क				
१.१	गाई, भैसीको	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	१०	कार्यालय समय भित्र	पशु चिकित्सा तथा प्रयोगशाला शाखा
१.२	भेडा, बाख्रा, बंगुर, खरायो	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	५	कार्यालय समय भित्र	"
१.३	कुखुरा, हाँस र अन्य पन्छी	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	५	कार्यालय समय भित्र	"
१.४	कुकुर, बिरालो	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	५०	कार्यालय समय भित्र	"
१.५	हात्ती, घोडा, बाँदर र अन्य बन्यजन्तु	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	२००	कार्यालय समय भित्र	"
२	पोष्टमार्टम (शव परिक्षण)				
२.१	गाई, भैसी,	मरेको पशुको शव उपयुक्त किसिमबाट ल्याइएको हुनुपर्नेछ, पुरानो, सडेको, दुर्गन्धित पशुपन्छीको शव परिक्षण गरिने छैन।	२००		पशु चिकित्सा तथा प्रयोगशाला शाखा
२.२	भेडा, बाख्रा, बंगुर, खरायो		५०		"
२.३	कुखुरा चरा र हाँस		१०		"
२.४	अन्य पन्छी		५०		"
२.५	कुकुर, बिरालो		२००		"
२.६	माछा		३०		"
२.७	अन्य		५०		"
३	प्रयोगशाला परिक्षण				
३.१	गोबर परिक्षण	गोबर संकलन तथा पेश गर्ने विधि प्राविधिक हिसाबले ठिक हुनु पर्नेछ	१५	कार्यालय समय भित्र	पशु चिकित्सा तथा प्रयोगशाला शाखा
३.२	दूध परिक्षण (CMT Test)	दूध संकलन तथा पेश गर्ने विधि प्राविधिक हिसाबले ठिक हुनु पर्नेछ	२५	कार्यालय समय भित्र	"
३.३	रक्त परिक्षण (हिमोग्लोबिन,CBC,TLC,DLC,RBC,ESR, Platelets, पि. सि. भी.)	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	२८०	कार्यालय समय भित्र	"
३.४	स्किन ट्रयापिङ	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	५०	कार्यालय समय भित्र	"
३.५	ब्लड पारासाइड	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	५०	कार्यालय समय भित्र	"
३.६	रेपिड टेष्ट	पशुलाई कार्यालयमा ल्याउनु पर्ने/नमुना संकलन तथा पेश गर्ने विधि प्राविधिक हिसाबले ठिक हुनु पर्नेछ	५०	कार्यालय समय भित्र	"
४	अल्ट्रासाउण्ड	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	४००	आवश्यकता अनुसार	"
५	ठुलोचौपाय मेजर अपरेशन	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	३००	आवश्यकता अनुसार	"
६	सानो चौपाय मेजर अपरेशन कुकुर बिरालो बाहेक	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	२००	आवश्यकता अनुसार	"
७	अन्य मेजर अप्रेसन	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	५००	आवश्यकता अनुसार	"
८	मेजर अप्रेसन (कुकुर, बिरालो)	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	६००	आवश्यकता अनुसार	"
९	माइनर अप्रेसन	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	५०	आवश्यकता अनुसार	"
१०	जटिल घाउँको ड्रेसिङ	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	१००	आवश्यकता अनुसार	
११	रेक्टिज विरुद्धको खोप	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	७५	आवश्यकता अनुसार	
१२	प्लास्टर	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	१५०	आवश्यकता अनुसार	"
१३	बोका, साढे, राँगो सुमार्ने	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	१५	कार्यालय समय भित्र	"
१४	कृत्रिम गर्भाधान (गाई, भैसी, बाख्रा)	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	५०	आवश्यकता अनुसार	"
१५	गर्भ परिक्षण	पशुलाई कार्यालयमा ल्याउनु पर्ने	१०	कार्यालय समय भित्र	"
१६	महामारी रोग नियन्त्रण	मौखिक तथा लिखित अनुरोध	निःशुल्क	कार्यालय समय भित्र	"
४	सिफारिस सम्बन्धी				
४.१	पशुपन्छी तथा मत्स्य फार्म/ह्याचरी स्थापना तथा आयात निर्यात सिफारिस (सम्बन्धित संघिय निकायमा)	लिखित अनुरोध	निःशुल्क	बढीमा एक हप्ता (अनुगमन गरी आवश्यकता अनुसार)	पशु विकास तथा प्रविधि प्रसार शाखा
५	परामर्श सेवा				
१	पशुपालन व्यवसाय प्रवर्द्धन	मौखिक तथा लिखित अनुरोध	निःशुल्क	सोही दिन	पशु विकास तथा प्रविधि प्रसार शाखा
२	पशु प्रजनन् व्यवस्थापन	"	निःशुल्क	सोही दिन	"
३	बजारीकरण सेवा	"	निःशुल्क	सोही दिन	"
४	बिमा सम्बन्धी	"	निःशुल्क	सोही दिन	"
५	पशुपन्छी तथ्यांक सम्बन्धी	रु. १० को टिकट सहितको लिखित निवेदन	निःशुल्क	सोही दिन	"
६	पशुसेवा सम्बन्धित ऐन नियम	मौखिक तथा लिखित अनुरोध	निःशुल्क	सोही दिन	"

५. कार्यरत कर्मचारी र जिम्मेवार शाखा

क्र.स.	कर्मचारीको नाम	पद	तह	जिम्मेवार शाखा	कैफियत
१	डा. टेक राज पौडेल	वरिष्ठ पशु विकास अधिकृत	नवौ	कार्यालय प्रमुख	
२	डा. मदन भण्डारी	पशु विकास अधिकृत	सातौ	पशु विकास तथा प्रविधि प्रसार शाखा र सूचना अधिकारी	
३	श्री प्रकाश थापा	पशु स्वास्थ्य प्राविधिक	पाचौं	पशु चिकित्सा तथा प्रयोगशाखा शाखा र जिन्सी	
४	श्री महेन्द्र कडेल	पशु सेवा प्राविधिक	पाचौ	पशु विकास तथा प्रविधि प्रसार शाखा	
५	श्री टेक बहादुर सुनुवार	नायव पशु स्वास्थ्य प्राविधिक	चौथो	पशु चिकित्सा तथा प्रयोगशाखा शाखा, प्रशासन शाखा	
६	श्री करन बोहोरा	नायव पशु सेवा प्राविधिक	चौथो	पशु विकास तथा प्रविधि प्रसार शाखा	
७	श्री तिर्थ बहादुर थापा	ह.स.चा.	पाचौं	प्रशासन	
८	श्री दिनेश न्यौपाने	का.स.		प्रशासन	सेवा करार
९	श्री गिता दाहाल	माली		प्रशासन	सेवा करार

६. सम्पादन गरेको कामको विवरण

१. स्थानीय तहका प्राविधिकहरुसँग अन्तरक्रिया गोष्ठी १ पटक

२. प्रिन्टर, प्युरिफायर, फर्निचर र ल्यापटप व्यवस्थापन

३. पशुपन्छी उपचारमा प्रयोग हुन औषधी , सर्जिकल सामाग्री व्यवस्थापन

४. लम्पी स्किन रोग विरुद्ध खोप कार्यक्रम

५. विश्व रेबिज दिवश मनाइएको।

६. पशुपन्छी तथा मत्स्यजन्य उपभोग प्रवद्धन कार्यक्रम अन्तर्गत मोही वितरण।

७. बाझोपन निवारण शिविर सम्पन्न १ पटक

७. सूचना अधिकारी र प्रमुखको नाम र पद

डा. मदन भण्डारी  सूचना अधिकारी सम्पर्कनं.: ९८५४०४५११४	डा. टेक राज पौडेल  कार्यालय प्रमुख सम्पर्क नं.: ९८५४०४५११५

८. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

क. पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५, नियमावली, २०५६

ख. पशु बधशाला तथा मासु जाँच ऐन २०५५, नियमावली, २०५७

ग. दाना ऐन २०३३ नियमावली, २०४१

घ. नेपाल पशु चिकित्सा परिषद ऐन, २०५५

ङ. राष्ट्रिय कृषि विकास नीति, २०६१

च. बड्फ्लु रोग नियन्त्रण आदेश, २०६४

छ. कृषि सहुलियत पूर्ण कर्जा (ब्याज अनुदान) कार्यक्रम कार्यविधि,२०८१

ज. कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि,२०८२

झ. मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८१

ञ. राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यविधि,२०८१

ट. कृषि क्षेत्रमा नवप्रवर्तन कार्यक्रम संचालन कार्यविधि,२०८१

ठ. कृषि ज्ञान रत्न प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१

ङ. कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१

ढ. प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

ण. पशु स्रोत केन्द्र स्थापना कार्यविधि, २०८१

त. दुग्ध जन्य पदार्थ निर्यातमा प्रोत्साहन अनुदान कार्यक्रम कार्यविधि,२०८१

थ. स्वदेशी उद्योगबाट उत्पादित कृषि औजार र प्रविधिमा प्रोत्साहन कार्यविधि, २०८१

द. एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यान्वयन कार्यविधि,२०८२

९. आम्दानी, खर्च तथा आर्थिक कारोबारको अद्यावधिक विवरण

खर्च विवरण

Account Name	Budget	Expense	Remaining	Progress
312060114-कृषि तथा पशुपन्छी विकास कार्यालयहरु	Rs. 1,317,000	Rs. 592,429	Rs. 724,571	44.98%
312060113-कृषि तथा पशुपन्छी विकास कार्यालयहरु	Rs. 55,646,000	Rs. 4,276,763.8	Rs. 51,369,236.2	7.69%
312911233-पशु सेवा विभाग(संघ शसर्त अनुदान)	Rs. 295,000	Rs. 0	Rs. 295,000	0%

आम्दानी विवरण

शिर्षक	राजश्व आम्दानी
१४२२९- अन्य प्रशासनिक सेवा शुल्क	५३७००
१५१११- बेरुजु संकलन	९८१२३
जम्मा	१५१८२३.०

९. सार्वजनिक निकायको बेभसाईट भए सोको विवरण

यस कार्यालयको बेभसाईट www.vetdolakha.gov.np रहेको छ।

१०. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौता विवरणः छैन।

११. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः छैन।

बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
कृषि तथा पशुपन्छी विकास कार्यालय
चरिकोट, दोलखा
फोन नं.: ०४९-४२१११५
ईमेलः dlsodolakha@gmail.com
वेबसाइटः www.vetdolakha.gov.np